अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ९, बर्दिया

प.स.

च.नं.

मिति: २०८१/०८/१६

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं.१(२०८१/०८२)

<u>दोस्रो पटक सुचना प्रकाशन मिति २०८१।०८।१६</u>

श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८०/०८१ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ बारबर्दिया न.पा.०९, वनगाई गाउँमा सा.व.उ.स.को भवन नजिक घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/१६ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस जनकल्याण सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. ०९ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरण:-

| | | वन पैदावार | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | १ | साल | A | गोलिया | १३ | २३०.९९ | २८८७३७.५/- | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१२९/- र दाउरा संकलन खर्च प्रति चट्टा रु.९,०००/- सकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | साल | B | गोलिया | ३० | ३५६.८४ | ३२११५६/- | |
| | | साल | C | गोलिया | ५० | ३७०.१९ | २२२११४/- | |
| | | साल | D | गोलिया | १ | १.३६ | ४०८/- | |
| | | अस्ना | A | गोलिया | ४८ | ९४०.१३ | ३७६०५२/- | |
| | | अस्ना | B | गोलिया | ५५ | ६०३.३१ | १८०९९३/- | |
| | | अस्ना | C | गोलिया | १२३ | ६०४.२९ | ६०४२९/- | |
| | | सिसौं(बृक्षारोपण) | A | गोलिया | २ | १५.५१ | १०८५७/- | |
| | | सिसौं(बृक्षारोपण) | B | गोलिया | २१ | ८२.९१ | ४१४५५/- | |
| | | कुसुम | N | गोलिया | ६ | ६९.४५ | ६९४५/- | |
| | | जामुन | A | गोलिया | ४ | ६४.२६ | २५७०४/- | |
| | | जामुन | B | गोलिया | ४ | ६४.६८ | १९४०४/- | |
| | | जामुन | C | गोलिया | ६ | ३५.४१ | ३५४१/- | |
| | | कर्मा | A | गोलिया | २ | ७०.३३ | २८१३२/- | |
| | | कर्मा | B | गोलिया | ८ | १९८.६८ | ५९६०४/- | |
| | | कर्मा | C | गोलिया | २ | ४१.१८ | ४११८/- | |

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनकल्याण सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा.९, बर्दिया

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | साल दाउरा | N | चट्टा | – | ७ | ८४०००/- | |
| | | साल अन्य मिश्रीत दाउरा | N | चट्टा | – | ५ | ४५०००/- | |
| | | | | | | १२ चट्टा | | |
| जम्मा | | | | | ३७५ | ३७४९.५२ | १७७८६४९.५/- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८१।०९।०७ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१००२८९००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. २०००।– पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र जनकल्याण सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

**६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।०९।०७ गते दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर , संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रभा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णयदिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।